दरखास्त दिन सकिने न्यूनतम ऋणपत्रः २५ कित्ता
दरखास्त दिन सकिने अधिकतम ऋणपत्रः ३,००,००० कित्ता

दरखास्तसाथ एकमुष्ठ रू.१,०००/- प्रति
ऋणपत्रका दरले भुक्तानी माग गरिएको

१० वर्ष अवधि तथा वार्षिक ८.५ प्रतिशत ब्याजदर भएको "बि ओ के डिबेञ्चर २०८६"

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था

केन्द्रीय कार्यालयः कमलपोखरी, फोन नं. ४४१४५४१, फ्याक्स नं. ४४१८९९०
URL: www.bok.com.np, Email: info@bok.com.np

आव्हान पत्र

ऋणपत्रको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति	: २०७७/०८/२४ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७७/०८/२८ गते बैकिङ्ग समय पश्चात्
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७७/०९/०८ गते बैकिङ्ग समय पश्चात्

यो विवरण-पत्र नभई केवल आव्हान -पत्र मात्र हो।

दश वर्ष अवधि तथा वार्षिक ८.५ प्रतिशत ब्याजदर भएको प्रति डिबेञ्चर रु.१,000/- अंकित मूल्यका १६,00,000 कित्ता डिबेञ्चरले हुन आउने कुल रु.१ अर्ब ६0 करोड मध्ये ६ लाख ४0 हजार कित्ता डिबेञ्चर अर्थात कुल रु.६४ करोड ऋणपूँजी रकम (५% अर्थात ३२,000 कित्ता सामुहिक लगानी कोषका लागि छुट्ट्याईएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने तथा ९ लाख ६0 हजार कित्ता डिबेञ्चरले हुन आउने कुल रु. ९६ करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

श्री नेपाल धितोपत्र बोर्डद्वारा स्वीकृत मिति २०७७/०७/२४ श्री नेपाल राष्ट्र बैंकमा दर्ता मिति २०७७/०७/२७ तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति २०७७/०८/०४

१. संस्थाको नाम : बैंक अफ काठमाण्डू लिमिटेड (Bank Of Kathmandu Limited) ।

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन बमोजिम नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । यस बैंकले तत्कालिन बैंक अफ काठमाण्डू लिमिटेड तथा लुम्बिनी बैंक लिमिटेड एक आपसमा गाभिई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार २०७३/०३/२४ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी "क" वर्गको वित्तीय संस्थाको हैसियतले बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस बैंकको रजिष्टर्ड कार्यालय कमलपोखरी, काठमाण्डौमा रहेको छ ।

४. कारोवार स्थान :

यस बैंकको प्रधान कार्यालय काठमाण्डौं जिल्ला, काठमाडौं महानगरपालिका कमलपोखरीमा रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्ना शाखा, उपशाखा वा अन्य कार्यालय मार्फत् नेपाल भर कारोवार गर्न सक्नेछ । यस बैंकले नेपाल राष्ट्र बैंकले स्वीकृत गरे अनुसार नेपालभित्र ८९ शाखाहरुबाट आफ्नो कारोवार सञ्चालन गर्दै आएको छ ।

क्र.सं.	शाखाको नाम र प्रदेश	क्र.सं.	शाखाको नाम र प्रदेश	क्र.सं.	शाखाको नाम र प्रदेश
१	बिराटचोक शाखा, प्रदेश १	३१	ज्ञानेश्वर शाखा, प्रदेश ३	६१	पोखरा शाखा, गण्डकी प्रदेश
२	बिराटनगर शाखा, प्रदेश १	३२	इन्द्रचोक शाखा, प्रदेश ३	६२	सुन्दरबजार शाखा, गण्डकी प्रदेश
३	विर्तामोड शाखा, प्रदेश १	३३	कमलपोखरी शाखा, प्रदेश ३	६३	बर्दघाट शाखा, प्रदेश ५
४	बुधबारे शाखा, प्रदेश १	३४	न्यूरोड शाखा, प्रदेश ३	६४	भैरहवा शाखा, प्रदेश ५
५	धरान शाखा, प्रदेश १	३५	पुरानो शाखा, प्रदेश ३	६५	बुटवल शाखा, प्रदेश ५
६	दिक्तेल शाखा, प्रदेश १	३६	टीमुरे शाखा, प्रदेश ३	६६	देवदह शाखा, प्रदेश ५
७	इटहरी शाखा, प्रदेश १	३७	बलाजु शाखा, प्रदेश ३	६७	इस्मा शाखा, प्रदेश ५
८	खाँदबारी शाखा, प्रदेश १	३८	बल्खु शाखा, प्रदेश ३	६८	मालिका शाखा, प्रदेश ५
९	उर्लाबारी शाखा, प्रदेश १	३९	बनेपा शाखा, प्रदेश ३	६९	परासी शाखा, प्रदेश ५
१०	अम्लेखगञ्ज शाखा, प्रदेश २	४०	चाबहिल शाखा, प्रदेश ३	७०	सन्धीखर्क शाखा, प्रदेश ५
११	वीरगञ्ज शाखा, प्रदेश २	४१	गोंगबु शाखा, प्रदेश ३	७१	तम्घास शाखा, प्रदेश ५
१२	छिन्नमस्ता शाखा, प्रदेश २	४२	इटाछें शाखा, प्रदेश ३	७२	भालुवाङ शाखा, प्रदेश ५
१३	गढिमाई शाखा, प्रदेश २	४३	कलंकी शाखा, प्रदेश ३	७३	बिजुवार शाखा, प्रदेश ५
१४	गौर शाखा, प्रदेश २	४४	महाराजगञ्ज शाखा, प्रदेश ३	७४	घोराही शाखा, प्रदेश ५
१५	जनकपुर शाखा, प्रदेश २	४५	नक्साल शाखा, प्रदेश ३	७५	गुलेरिया शाखा, प्रदेश ५
१६	कालिकामाई शाखा, प्रदेश २	४६	नयाँ बानेश्वर शाखा, प्रदेश ३	७६	कोहलपुर शाखा, प्रदेश ५
१७	लहान शाखा, प्रदेश २	४७	पनौती शाखा, प्रदेश ३	७७	नेपालगञ्ज शाखा, प्रदेश ५
१८	मिर्चैया शाखा, प्रदेश २	४८	साँखु शाखा, प्रदेश ३	७८	राजापुर शाखा, प्रदेश ५
१९	निजगढ शाखा, प्रदेश २	४९	भक्तपुर शाखा, प्रदेश ३	७९	तुल्सीपुर शाखा, प्रदेश ५
२०	गल्छी शाखा, प्रदेश ३	५०	ठमेल शाखा, प्रदेश ३	८०	दैलेख शाखा, कर्णाली प्रदेश
२१	हेटौंडा शाखा, प्रदेश ३	५१	जावलाखेल शाखा, प्रदेश ३	८१	जुम्ला शाखा, कर्णाली प्रदेश
२२	इन्द्रसरोवर शाखा, प्रदेश ३	५२	इमाडोल शाखा, प्रदेश ३	८२	पतरासी शाखा, कर्णाली प्रदेश
२३	खँनियाबास शाखा, प्रदेश ३	५३	त्रिपुरेश्वर शाखा, प्रदेश ३	८३	सुर्खेत शाखा, कर्णाली प्रदेश
२४	लंकु शाखा, प्रदेश ३	५४	ततोपानी शाखा, प्रदेश ३	८४	अत्तरीया शाखा, सुदुरपश्चिम प्रदेश
२५	नारायणगढ शाखा, प्रदेश ३	५५	सुर्यविनायक शाखा, प्रदेश ३	८५	बेलौरी शाखा, सुदुरपश्चिम प्रदेश
२६	पर्सा शाखा, प्रदेश ३	५६	वानेश्वर एल शाखा, प्रदेश ३	८६	डडेलधुरा शाखा, सुदुरपश्चिम प्रदेश
२७	प्रगतिपथ शाखा, प्रदेश ३	५७	बाग्लुङ शाखा, गण्डकी प्रदेश	८७	धनगढी शाखा, सुदुरपश्चिम प्रदेश
२८	राक्सीराङ शाखा, प्रदेश ३	५८	बेनी शाखा, गण्डकी प्रदेश	८८	लम्की शाखा, सुदुरपश्चिम प्रदेश
२९	तीनपाटन शाखा, प्रदेश ३	५९	दमौली शाखा, गण्डकी प्रदेश	८९	टिकापुर शाखा, सुदुरपश्चिम प्रदेश
३०	अनामनगर शाखा, प्रदेश ३	६०	खैरेनीटार शाखा, गण्डकी प्रदेश		

यस बैंकले आफ्ना ८९ शाखा, ८० एटिएम तथा १० वटा एक्सटेन्सन काउन्टर कार्यालयहरुबाट बैकिङ्ग सेवा दिइरहेको छ ।

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

कम्पनी ऐन बमोजिम नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । तत्कालिन बैंक अफ काठमाण्डू लिमिटेड तथा लुम्बिनी बैंक लिमिटेड एक आपसमा गाभिई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार २०७३/०३/२४ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी "क" वर्गको वित्तीय संस्थाको हैसियतले बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ । बैंक अफ काठमाण्डू लिमिटेड कम्पनी ऐन बमोजिम नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५०/०८/३० गते पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०५१/११/२६ गते स्विकृती प्राप्त गरी मिति २०५१/११/२८ गते देखि बैंकिङ्ग कारोवार प्रारम्भ गरेको संस्था हो भने तत्कालिन लुम्बिनी बैंक लिमिटेड कम्पनी ऐन बमोजिम नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५४/०३/२६ गते पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई र मिति २०५५/०४/०१ गते देखि बैंकिङ्ग कारोवार प्रारम्भ गरेको संस्था हो ।

बैंकको प्रबन्धपत्रमा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैंकिङ्ग तथा वित्तीय कारोवार गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैकिङ्ग सेवा उपलब्ध गराउने ।
२. कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने ।
३. उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।
४. मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

६. पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत पूँजी : बैंकको अधिकृत पूँजी रु.१०,०००,०००,०००/- (अक्षरेपी दश अर्ब रुपैया मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- अङ्कित मूल्यका १००,०००,००० (दश करोड) कित्ता साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

जारी पूँजी : बैंकको जारी पूँजी रु.८,५४,६८,८७,४००/- (अक्षरेपी आठ अर्ब चउन्न करोड अठसट्ठी लाख सतासी हजार चार सय मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- अङ्कित मूल्यका ८,५४,६८,८७४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

चुक्ता पूँजी : हाल बैंकको चुक्ता पूँजी रु.८,५४,६८,८७,४००/- (अक्षरेपी आठ अर्ब चउन्न करोड अठसट्ठी लाख सतासी हजार चार सय मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- अङ्कित मूल्यका ८,५४,६८,८७४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप):

ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको शेयर पूँजी र ऋणपत्र पूँजीको संरचना :

शेयर पूँजी :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना (%)	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	४,३५,८५,८२०	५०.९९६१३२२	४,३५,८५,८२,०००	१०० शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	४,१८,८३,०५४	४९.००३८६७८	४,१८,८३,०५,४००	१०० शतप्रतिशत
	जम्मा	८,५४,६८,८७४	१००	८,५४,६८,८७,४००	

ऋण पूँजी :

विवरण	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
रु.१,०००/- अंकित दरको ६,००,००० कित्ता ऋणपत्रहरु बैंक अफ काठमाण्डू वण्ड, २०७९	६०,००,००,०००	शतप्रतिशत
रु.१,०००/- अंकित दरको १६,००,००० कित्ता ऋणपत्रहरु बिओके डिबेञ्चर २०८६*	१,६०,००,००,०००	-

* यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र ।

८. सकारात्मक पक्षहरु :

- दक्ष तथा अनुभवी व्यक्तिहरुको लगानीमा स्थापना तथा संचालन गरिएको कम्पनी ।
- स्थापनाकाल देखि नै पूर्ण कम्प्युटरकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।
- ग्राहकहरुलाई सहज तथा सरल कर्जा तथा अन्य सेवा प्रदान गर्दै आएको ।

९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

यस निष्काशनबाट प्राप्त हुने रकमलाई नेपाल राष्ट्र बैंकको तथा कम्पनीको आन्तरिक नितिको अधिनमा रहि व्यवसाय बिस्तारको लागि निम्न अनुसार उपयोग गरिनेछ ।

क.सं.	विवरण	प्रतिशत	रकम रु.
१	कर्जा तथा सापट	१००	१,६००,०००,०००
	जम्मा	१००%	१,६००,०००,०००

१०. संस्थापक/संचालक सम्बन्धी जानकारी :

आधारभूत शेयरधनीहरुको विवरण:

क्र.सं.	नाम	पद	उमेर (बर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव
१	श्री कर्मचारी संचय कोष	संस्थापक	-	नेपाली	पुल्चोक, ललितपुर	१,२७,०४,३२३	-	संचयकर्ताको काम गर्ने
२	श्री मंगल कलश ईन्भेष्टमेण्ट प्रा.लि.	संस्थापक	-	नेपाली	पुल्चोक, ललितपुर	२५,७३,१०६	-	शेयरमा लगानी
३	श्री रण बहादुर शाह	संस्थापक	८८	नेपाली	लाजिम्पाट, काठमाडौं	२१,०९,८२६	सामान्य	व्यापार व्यवसायमा संलग्न
४	श्री नागरिक लगानी कोष	संस्थापक	-	नेपाली	बानेश्वर, काठमाण्डौं	१७,९८,८७५	-	संचयकर्ताको काम गर्ने
५	श्री डम्बर बहादुर मल्ल	संस्थापक	७४	नेपाली	महादेवस्थान-३, काठमाण्डौ	१७,०५,५१२	वि.ए.	व्यापार व्यवसायमा संलग्न
६	श्रीमती रीता मल्ल	संस्थापक	६२	नेपाली	महादेवस्थान-३, काठमाण्डौ	१५,१६,२६१	एम. ए.	लगानीकर्ता
७	श्रीमती शारदा सिंह	संस्थापक	७४	नेपाली	सानेपा, ललितपुर	१४,२५,९८८	एस.एल.सी.	लगानीकर्ता
८	श्रीमती मञ्जु अग्रवाल	संस्थापक	४९	नेपाली	बत्तिसपुतली, काठमाण्डौं	११,३४,०७६	वि.ए.	लगानीकर्ता
९	श्री राधेश पन्त	संस्थापक	५५	नेपाली	कालिकास्थान, काठमाण्डौं	१०,१३,७७६	एम.वि.ए./वि.ई	व्यापार र बैकिङ्गको अनुभव
१०	श्री प्रेम बहादुर श्रेष्ठ	संस्थापक	८८	नेपाली	भम्सिखेल, ललितपुर	८,७५,६०३	सामान्य	व्यापार र व्यावसायमा संलग्न

सञ्चालकहरुको विवरण:

क्र.सं.	सञ्चालकहरुको नाम	पद	उमेर (बर्ष)	राष्ट्रियता	ठेगाना	शेयर कित्ता	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	श्री प्रकाश श्रेष्ठ (प्रतिनिधी - मचान वाइल्ड लाइफ रिसोर्ट प्रा.लि.)	अध्यक्ष	६७	नेपाली	लाजिम्पाट, काठमाण्डौं	संस्थापकः ५,३२,४९९ सर्वसाधारणः २,०७,०२८	बि.ए.	प्रबन्ध निर्देशक मचान वाईल्डलाईफ रिसार्ट प्रा.लि., पूर्व संचालक ग्रीन लाईन टुर्स, पूर्व अध्यक्ष लुम्बिनी बैंक लि. पूर्व अध्यक्ष होटल संघ नेपाल तथा पूर्व उपाध्यक्ष टुरिजम बोर्ड ।
२	श्री राधेश पन्त	संचालक	५५	नेपाली	कालिकास्थान, काठमाण्डौं	संस्थापकः १०,१३,७७६ सर्वसाधारणः २१,३२१	एम.वि.ए. /वि.टेक	सिनिअर म्यनाजिङ्ग पार्टनर भिरक एण्ड कम्पनी पूर्व प्रमुख कार्यकारी अधिकृत लगानी बोर्ड, कुमारी बैंक लि., बैंक अफ काठमाण्डु लि. र सल्लाहकार तथा पुर्व अध्यक्ष बैंकर्स एशोसिएसन अफ नेपाल ।
३	श्री जितेन्द्र धिताल (प्रतिनिधी - कर्मचारी सञ्चय कोष)	संचालक	४१	नेपाली	पेप्सीकोला, काठमाण्डौं	संस्थापकः १,२७,०४,३२३	सि.ए./एम.ए ससी/ एम.ए./एल. एल.वि.	मुख्य अधिकृत कर्मचारी संचय कोष, पूर्व संचालक हिमालयन बैंक लि., राष्ट्रिय विमा कम्पनी, प्रभु ईन्स्योरेन्स कम्पनी लि., प्रमुख वित्त अपरतामाकोशी तथा विभिन्न अडिट कम्पनीहरुको प्रमुख ।
४	श्री गोविन्द प्रसाद शर्मा रेग्मी	संचालक	७२	नेपाली	अनामनगर, काठमाण्डौं	सर्वसाधारणः १,०६५	वि.कम.	कन्सलटयान्ट, पूर्व सहसचिव नेपाल सरकार अर्थमन्त्रालय, तथा बैकिङ्ग ।
५	प्रा.डा. हेमराज सुवेदी	संचालक	६५	नेपाली	बालाजु, काठमाण्डौं	सर्वसाधारणः ५७१	विधावारिधि	प्रध्यापन, पूर्व संचालक एनएलजि ईन्स्योरेन्स कम्पनी लि. तथा पुर्व क्याम्पस प्रमूख सरस्वती बहुमुखी क्याम्पस तथा बैकिङ्ग ।
६	श्री मदन लाल जोशी	संचालक	६१	नेपाली	कुपण्डोल, ललितपुर	सर्वसाधारणः ६,१७१	वि.कम.	प्रबन्ध निर्देशक फर्निचर ल्याण्ड प्रा.लि., पुर्व संचालक लुम्बिनी बैंक लि., प्रोपाइटर चितवन सप्लाई सेन्टर, पुर्व अध्यक्ष उधोग वाणिज्य संघ चितवन तथा ब्यापार ।
७	श्रीमती मोहना लोहनी	संचालक/ स्वतन्त्र	५९	नेपाली	बानेश्वर, काठमाण्डौ	-	एम.वि.ए./ए म.ए. (अर्थशास्त्र)	पुर्व संचालक सेन्चूरी कर्मसियल बैंक लि., कन्सलटान्ट तथा बैकिङ्गको कार्य अनुभव ।

११. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस संस्थाको नियमावलीको नियम ८ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहायबमोजिम रहेको छ ।

"क" समूहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित	३ (तिन) जना
समूह "ख" अन्तर्गतका सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित	३ (तिन) जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक	१ (एक) जना
जम्मा	७ जना ।

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

यस बैंकको सञ्चालक पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

१२. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको वासलात, नाफा-नोक्सान सहितको संक्षिप्त विवरण :

वासलात

(रु.लाखमा)

विवरण	एकिकृत			बैंक		
	आ.व.२०७४/७५	आ.व.०७५/७६	आ.व.२०७६/७७	आ.व.२०७४/७५	आ.व.२०७५/७६	आ.व.२०७६/७७
सम्पत्ति						
नगद तथा नगद समान	३४,४३१	३१,४३९	२४,२९७	३४,२२८	३१,१५५	२३,७४०
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने वक्यौता	५२,६४५	४९,७८१	९३,६३३	५२,६४५	४९,७८१	९३,६३३
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	१८,४६७	२३,४७५	२३,८२२	१८,४६७	२२,३७५	२३,६१२
डेरिभेटिभ वित्तीय उपकरण	-	१,००९	६७३	-	१,००९	६७३
अन्य व्यापारिक सम्पत्तिहरु	३४१	३,५५३	४१६	२५३	३,५५३	१०३
बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा	१८,३१८	३२,७०२	३५,१९५	१८,३१८	३२,७०२	३५,१९५
ग्राहकलाई कर्जा तथा सापटी	६५७,८९१	७०४,७८५	७५८,८१६	६५७,८९१	७०४,७६९	७५८,८१६
धितोपत्रमा लगानी	११५,७६९	१४८,००३	१४३,२८९	११५,२१९	१४७,६२७	१४१,७०३
चालु कर सम्पत्ति	१,१६६	-	१,५०९	१,१४०	-	१,४७७
सहायक कम्पनीमा लगानी	-	-	-	१,४००	१,४००	१,४००
सम्बद्ध कम्पनीमा लगानी	-	-	-	-	-	-
सम्पत्तिमा लगानी	२४७	२४७	२४७	२४७	२४७	२४७
सम्पत्ति तथा उपकरण	९,४३६	८,३७५	८,३७९	९,३५३	८,३१४	८,३२९
गुडवील (ख्याती) र अमूर्त सम्पत्ति	२३०	१८८	१९५	२०५	१५९	१६७
स्थगन कर सम्पत्ति	-	-	-	-	-	-
अन्य सम्पत्ति	२,७०३	६,११३	६,५००	२,७०२	६,०९७	६,४६६
कुल सम्पत्ति	९११,६४५	१,००९,६७०	१,०९६,९७०	९१२,०६८	१,००९,१८६	१,०९५,५५९
दायित्व						
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	-	६,०५७	११,८११	-	६,०५७	११,८११
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	१८६	११,१०८	१,६२३	१८६	११,१०८	१,६२३
डेरिभेटिभ वित्तीय उपकरण	-	-	-	-	-	-
ग्राहकको निक्षेप दायित्व	७६७,७७२	८२६,८९६	९२१,०१६	७६९,१३८	८२७,२२०	९२१,०३३
सापटी	-	-	-	-	-	-
चालु कर दायित्व	-	५५५	-	-	५८२	-
व्यवस्था	१७४	१५२	१८१	१७४	१५२	१८१
स्थगन कर दायित्व	१,७००	३,११३	१,९४३	१,७०३	३,१२०	१,९२८
अन्य दायित्व	६,००४	१०,९२५	१०,४१४	५,७९८	१०,८८७	९,८८५
जारी गरिएको ऋणपत्र	-	१०,४००	६,२४८	-	१०,४००	६,२४८
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व	१०,४१२	-	-	१०,४१२	-	-
कुल दायित्व	७८६,२४८	८६९,२०६	९५३,२३६	७८७,४११	८६९,५२६	९५२,७०९
पूँजी						
शेयर पूँजी	७०,७२९	८०,६३१	८५,४६९	७०,७२९	८०,६३१	८५,४६९
शेयर प्रिमियम	९,२९९	-	-	९,२९९	-	-
संचित मुनाफा	८,५६१	१३,८२६	९,८६४	८,५२७	१३,७४९	९,७७७
जगेडा कोषहरु	३६,१०२	४५,२८०	४७,६४७	३६,१०२	४५,२८०	४७,६०४
शेयरधनीहरुलाई बाँडफाँड योग्य कुल पूँजी	१२४,६९१	१३९,७३७	१४२,९७९	१२४,६५७	१३९,६६०	१४२,८५०
गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest)	७०६	७२७	७५४	-	-	-
कुल पूँजी	१२५,३९६	१४०,४६४	१४३,७३३	१२४,६५७	१३९,६६०	१४२,८५०
जम्मा दायित्व र पूँजी	९११,६४५	१,००९,६७०	१,०९६,९७०	९१२,०६८	१,००९,१८६	१,०९५,५५९

नाफा-नोक्सान हिसाब

(रु.लाखमा)

विवरण	एकिकृत			बैंक		
	आ.व.२०७४/७५	आ.व.२०७५/७६	आ.व.२०७६/७७	आ.व.२०७४/७५	आ.व.२०७५/७६	आ.व.२०७६/७७
ब्याज आम्दानी	८३,६९६	९८,१८१	९९,८७१	८३,६५६	९८,०७५	९९,८०९
ब्याज खर्च	५२,९८६	६०,१८६	६४,०४०	५३,०६५	६०,२७७	६४,०५७
खुद ब्याज आम्दानी	३०,७१०	३७,९९५	३५,८३०	३०,५९१	३७,७९९	३५,७५२
शुल्क तथा कमिशन आम्दानी	५,४२७	५,२७२	५,५०४	५,४००	५,२०३	५,४३७
शुल्क तथा कमिशन खर्च	५०४	६१०	५५४	५०३	६०१	५४३
खुद शुल्क र कमिशन आम्दानी	४,९२३	४,६६२	४,९५०	४,८९६	४,६०२	४,८९३
खुद ब्याज, शुल्क र कमिशन आम्दानी	३५,६३३	४२,६५७	४०,७८१	३५,४८८	४२,४००	४०,६४५
खुद कारोवार आम्दानी	२,२४८	३,२२३	३,२८४	२,२५७	३,२२३	३,२२३
अन्य संचालन आम्दानी	१,४०७	१,००१	५२६	१,४०७	१,००२	५२२
जम्मा संचालन आम्दानी	३९,२८८	४६,८८०	४४,५९१	३९,१५१	४६,६२५	४४,३९०
कर्जा जोखिमको व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी	४,६५९	६४६	५,६३७	४,६५९	६४६	५,६३७
खुद संचालन आम्दानी	३४,६२९	४६,२३४	३८,९५४	३४,४९२	४५,९८०	३८,७५४
संचालन खर्च						
कर्मचारी खर्च	१०,३३३	११,६६५	११,२०७	१०,३०३	११,५९४	११,११९
अन्य संचालन खर्च	४,४६३	५,३४५	५,६०३	४,४२५	५,२८५	५,५४१
ह्रास कट्टी र परिषोधन	१,०४२	१,६८३	१,१८३	१,०२९	१,६५३	१,१५४
संचालन मुनाफा	१८,७९०	२७,५४१	२०,९६१	१८,७३५	२७,४४८	२०,९४०
गैर संचालन आम्दानी	१९५	३५६	१२५	१९५	३५६	१२५
गैर संचालन खर्च	२	-	०.०२३३	२	-	-
आय कर अघिको मुनाफा	१८,९८३	२७,८९७	२१,०८६	१८,९२८	२७,८०५	२१,०६५
आयकर खर्च		-			-	
चालु कर	५,६७४	९,०८४	६,७१२	५,६६१	९,०५२	६,६९८
स्थगन कर	४८	(२२१)	(२४५)	५८	(२१७)	(२४०)
यस अवधिको मुनाफा	१३,२६२	१९,०३४	१४,६२०	१३,२०९	१८,९७०	१४,६०७

नोटः NFRS अनुसार वित्तीय विवरण तयार पारिएको हुनाले नाफा नोक्सान बाँडफाँड हिसाब संलग्न नहुने ।

आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा-नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात

(रु.लाखमा)

विवरण	प्रक्षेपित		
	आ.ब.२०७७/७८	आ.ब.२०७८/७९	आ.ब.२०७९/८०
सम्पत्ति			
नगद तथा नगद समान	२२,३५१	३०,३२४	३३,९४१
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने वक्यौता	४२,४०६	५४,९८६	६६,०३८
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	२७,२६८	२८,६३१	३०,०६२
डेरिभेटिभ वित्तीय उपकरण	७०७	७४२	७७९
अन्य व्यापारिक सम्पत्तिहरु	१०३	१०३	१०३
बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा	३६,९५४	३८,८०२	४०,७४२
ग्राहकलाई कर्जा तथा सापटी	८९६,०९९	१,०१५,३७७	१,१७२,२३१
धितोपत्रमा लगानी	१५६,१२७	१८४,९९९	१९७,२८५
चालु कर सम्पत्ति	६८४	६०२	६८४
सहायक कम्पनीमा लगानी	१,४००	१,४००	१,४००
सम्बद्ध कम्पनीमा लगानी	-	-	-
सम्पत्तिमा लगानी	२४७	२४७	२४७
सम्पत्ति तथा उपकरण	१९,८२०	२०,२६६	२०,६१६
गुडवील (ख्याती) र अमूर्त सम्पत्ति	२,०३४	२,०३६	२,०१२
स्थगन कर सम्पत्ति	-	-	-
अन्य सम्पत्ति	६,९८४	७,५४२	८,१४६
कुल सम्पत्ति	१,२१३,१८४	१,३८६,०५७	१,५७४,२८५
दायित्व			
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	१२,४०२	१३,०२२	१३,६७३
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	१,७७७	१,७७७	१,७७७
डेरिभेटिभ वित्तीय उपकरण	-	-	-
ग्राहकको निक्षेप	९९५,९४४	१,१५५,३१३	१,३१८,०३०
सापटी	-	-	-
चालु कर दायित्व	-	-	-
व्यवस्था	१८१	१८१	१८१
स्थगन कर दायित्व	१,९२८	१,९२८	१,९२८
अन्य दायित्व	२१,८६६	१५,१२२	१५,७७८
जारी गरिएको ऋणपत्र	२२,०००	२६,०००	३३,०००
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व	-	-	-
कुल दायित्व	१,०५६,०९८	१,२१३,३४३	१,३८४,३६७
पूँजी			
शेयर पूँजी	९५,४२२	१०३,७८४	११८,४६७
शेयर प्रिमियम	-	-	-
संचित मुनाफा	१२,६५५	१३,३५४	१३,७८६
जगेडा कोषहरु	४९,००८	५५,५७६	५७,६६५
कुल पूँजी	१५७,०८५	१७२,७१४	१८९,९१८
जम्मा दायित्व र पूँजी	१,२१३,१८४	१,३८६,०५७	१,५७४,२८५

नाफा-नोक्सान विवरण

(रु.लाखमा)

विवरण	प्रक्षेपित		
	आ.ब.२०७७/७८	आ.ब.२०७८/७९	आ.ब.२०७९/८०
ब्याज आम्दानी	९२,३०३	१०६,३४६	१२०,९४१
ब्याज खर्च	५३,६२०	६२,५४६	७३,२४५
खुद ब्याज आम्दानी	३८,६८३	४३,८००	४७,६९६
शुल्क तथा कमिशन आम्दानी	५,८१७	६,२८३	६,७८५
शुल्क तथा कमिशन खर्च	५६०	६०५	६५३
खुद शुल्क र कमिशन आम्दानी	५,२५८	५,६७८	६,१३२
खुद ब्याज, शुल्क र कमिशन आम्दानी	४३,९४१	४९,४७९	५३,८२८
खुद कारोवार आम्दानी	३,६०८	३,८९७	४,२०९
अन्य संचालन आम्दानी	५६४	६०९	६५८
जम्मा संचालन आम्दानी	४८,११३	५३,९८५	५८,६९५
कर्जा जोखिमको व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी	२,९९१	३,१३५	२,५००
खुद संचालन आम्दानी	४५,१२२	५०,८४९	५६,१९५
संचालन खर्च			
कर्मचारी खर्च	९,३४३	११,०२५	१२,१२८
अन्य संचालन खर्च	५,७०७	६,२७८	६,९०६
ह्रास कट्टी र परिषोधन	१,५४८	२,०६२	२,५८५
संचालन मुनाफा	२८,५२४	३१,४८५	३४,५७७
गैर संचालन आम्दानी	१३१	१३८	१४५
गैर संचालन खर्च	-	-	-
आय कर अघिको मुनाफा	२८,६५५	३१,६२२	३४,७२२
कर्मचारी बोनस वापतको व्यवस्था	२,८६६	३,१६२	३,४७२
आयकर खर्च	७,७३७	८,५३८	९,३७५
यस अवधिको मुनाफा	१८,०५३	१९,९२२	२१,८७५

वित्तीय प्रक्षेपणका आधारहरु

विवरण	प्रक्षेपित		
	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
पूँजी कोषको अनुपात (CAR) %	१४.०३	१३.९७	१३.८८
अनिवार्य मौज्दात अनुपात (CRR) %	४.२१	४.७१	४.९६
बैधानिक तरलता अनुपात (SLR) %	२०.९५	२१.७२	२१.००
प्रति शेयर आम्दानी	१८.९२	१९.२०	१८.४६
प्रति शेयर नेटवर्थ	१६४.६२	१६६.४२	१६०.३१
ऋणपत्रमा ब्याज	८.५%	८.५%	८.५%
शुल्क तथा कमिशन आम्दानी वृद्धि	७%	८%	८%
शुल्क तथा कमिशन खर्च वृद्धि	३%	८%	८%
अन्य संचालन आम्दानी वृद्धि	८%	८%	८%
अन्य संचालन खर्च वृद्धि	३%	१०%	१०%
गैर संचालन आम्दानी वृद्धि	५%	५%	५%

प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले आफ्नो दीर्घकालनि रणनीति अनुरुप तयार पारेको हो । बैंकले देशको आर्थिक अवस्था, बैंक तथा वित्तीय संस्थाहरुको अवस्था तथा विभिन्न नियमनकारी निकायहरुको नीति तथा व्यवस्थाहरुको सुक्ष्म रुपमा अध्ययन गरेर आफ्नो दीर्घकालीन रणनीतिहरु तयार गरेको छ । सो रणनीति बमोजिम बैंकले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने, व्यक्तिगत र साना तथा मझौला कर्जामा वृद्धि गर्ने, ब्याज रहित तथा निम्न ब्याज हुने चल्ती र बचत निक्षेपमा वृद्धि गर्ने, ग्राहक केन्द्रीत नयाँ योजनाहरु ल्याउने, आफ्नो आन्तरिक नियन्त्रण कार्य प्रणालीलाई थप चुस्त बनाउने, कर्मचारीहरुको क्षमता अभिवृद्धिमा विकास गरी ग्राहकहरुको पहिलो रोजाईको बैंक बन्ने रहेको छ । फलस्वरुप, बैंकले आफ्नो प्रक्षेपित व्यवसायमा वृद्धि खुद मुनाफा तथा पूँजीमा उच्च प्रतिफल दिन सक्षम रहने विश्वास लिएका छौं । माथि उल्लेख गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, बैंकको हालको दक्षता र बैंकले प्राप्त गरेको हाल सम्मका कार्य प्रगतिको आधारमा सो वित्तीय विवरणहरु बस्याल एण्ड एसोसिएट्स का चार्टड एकाउन्टेन्ट श्री राकेश श्रीषद्वारा पुनरावलोकन गरी ठिक छ भनी प्रमाणित गरिएको छ ।

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल:

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
प्रति शेयर आम्दानी रु.	१९.४६	२३.५३	१७.०९	१८.९२	१९.२०	१८.४६
प्रति शेयर नेटवर्थ रु.	१७६.२५	१७३.२१	१६७.१४	१६४.६२	१६६.४२	१६०.३१
संचित नाफा/नोक्सान (रु. हजारमा)	८५२,७३०	१,३७४,९२२	९७७,६९६	१,२६५,५०६	१,३३५,३९८	१,३७८,५५५

विवरण	वास्तविक (रु.लाखमा)			प्रक्षेपित (रु.लाखमा)		
	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
चुक्ता पूँजी	७०,७२९	८०,६३१	८५,४६९	९५,४२२	१०३,७८४	११८,४६७
जगेडा तथा कोषहरु	५३,९२८	५९,०२९	५७,३८१	६१,६६३	६८,९३०	७१,४५१
कुल	१२४,६५७	१३९,६६०	१४२,८५०	१५७,०८५	१७२,७१४	१८९,९१८
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
कुल नेटवर्थ	१२४,६५७	१३९,६६०	१४२,८५०	१५७,०८५	१७२,७१४	१८९,९१८
शेयर संख्या	७०७	८०६	८५५	९५४	१,०३८	१,१८५
प्रति शेयर नेटवर्थ रु.	१७६.२५	१७३.२१	१६७.१४	१६४.६२	१६६.४२	१६०.३१
प्रति शेयर आम्दानी	१९.४६	२३.५३	१७.०९	१८.९२	१९.२०	१८.४६
नेटवर्थ औसत प्रतिफल	१०.६०	१३.५८	१०.२२	११.४९	११.५३	११.५२
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				ऋणपत्र जारी पश्चात् यसले नेटवर्थमा प्रत्यक्ष वृद्धि नगर्ने		

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफलः ११.४७%

द्रष्टव्यः प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु बस्याल एण्ड एसोसिएट्सका चार्टड एकाउन्टेन्ट श्री राकेश श्रीषबाट प्रमाणित भएको छ ।

१३. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

कम्पनीको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन्ः

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
- निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
- नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : सो नभएको ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
बैंक तथा वित्तीय संस्थाहरुको पुँजी बृद्धिले यस क्षेत्र एकिकृत हुनुका साथै यस क्षेत्रको संस्थागत पुनसंरचना हुने हामीले अपेक्षा गरेका छौं । यसले बैंकहरुको प्रतिस्पर्धात्मक र जोखिम बहन गर्न सक्ने क्षमता बढाउने छ । तसर्थ, हामीले आगामी दिनहरुमा बित्तीय क्षेत्र थप प्रतिस्पर्धी हुने अपेक्षा गरेका छौं । प्रतिस्पर्धाबाट उत्पन्न हुने जोखिम व्यवस्थापनमा यस बैंकको संजाल, उत्कृष्ट सेवा तथा सुविधा, परिवर्तनलाई आत्मसात गर्ने क्षमता, गुणस्तरीय कर्जा पोर्टफोलियो एवम जोखिम व्यवस्थापन गर्ने संस्कार तथा विशेषज्ञताबाट थप सहयोग पुग्नेछ ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धिको जोखिमः** सो नभएको ।

(ङ) **विदेशी विनिमयको जोखिम :**
देशको बैंदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु** : सो नभएको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर वित्तीय क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुन सक्ने जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः**
- नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

(झ) **संचालन अनुभवको अभाव** : यस बैंकले निरन्तर २५ वर्ष देखि बैकिङ्ग सेवा प्रदान गरी आइरहेको छ ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :**
बैकिङ्ग प्रविधिलाई चुस्त दुरुस्त राख्न सफ्टवेयर तथा हार्डवेयरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने भएमा थप खर्च बढ्न सक्नेछ । साथै बैंकले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरी आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको ।

(ट) **अन्यः**
- बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
- बैंकले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेको हुँदा ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिम ।
- सम्पत्ति शुद्धिकरण लगायत वित्तीय अपराध सम्बन्धी जोखिमबाट हुन सक्ने हानी नोक्सानी ।
- प्राकृतिक प्रकोपको कारणबाट व्यवसायमा आउने प्रभावको जोखिम जस्तै भुकम्प ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेको छ । बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा आवश्यक ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ । साथै, आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धी बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरी मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि बैंकले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको व्यहोरा जानकारी गराउंछौ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु.१,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) **यस विवरण-पत्र मार्फत निष्काशन गर्न लागिएको "बिओके डिबेञ्चर २०८६" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः**

(अ) ***ऋणपत्र निष्काशनको शर्त, बन्देजहरु :*** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस विवरणपत्रको बुँदा नम्बर १०(छ) मा छ ।

(आ) ***ऋणपत्रको अवधि (Maturity Period) :*** यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको दिनबाट १० (दश) वर्षको हुनेछ । सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ट भुक्तानी गर्नेछ ।

(इ) ***निष्काशन गरिने ऋणपत्रको रकम :*** दश वर्ष अवधि तथा वार्षिक ८.५ प्रतिशत ब्याजदर भएको प्रति डिबेञ्चर रु.१,०००/- अंकित मूल्यका ६ लाख ४० हजार कित्ता डिबेञ्चरले हुन आउने कुल रु. ६४ करोड ऋणपूँजी रकम (५% अर्थात ३२,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्ट्याईएको समेत) सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशनबाट बिक्री गरिने तथा ९ लाख ६० हजार कित्ता डिबेञ्चरले हुन आउने कुल रु. ९६ करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

(ई) ***ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने :*** यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र १० (दश) वर्षको अवधि पश्चात एकमुष्ट रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(उ) ***ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :*** यस ऋणपत्रको वार्षिक ब्याजदर ८.५% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकम ऋणपत्र बाहकहरुलाई प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक (पौष मसान्त) र दोश्रो अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । बैंकको कारणले ब्याज भुक्तानीको विषयमा भएको व्यवस्थाको पालना नभए बैंकलाई थप आर्थिक दायित्व लागु हुन सक्नेछ । तर बन्द, हडताल, कर्फ्यु, लगायत कुनै पनि किसिमका दैवी प्रकोपका कारणले बैंकले भुक्तानी दिन नसकेमा बैंक जिमेवारी हुनेछैन । बैंकले यस ऋणपत्रबाट आर्जित ब्याज रकम ऋणपत्रबालाहरुको डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा भुक्तानी गर्नेछ ।

(ऊ) ***ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था :*** बैंकले ऋणपत्रलाई निर्धारित १० वर्षको समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि "ऋणपत्र भुक्तानी जगेडा कोष" (Debenture Redemption Reserve) को व्यवस्था गर्नेछ । ऋणपत्रको अवधिमा बैंकको भुक्तानी योग्य मुनाफाबाट ऋणपत्र निष्काशन भएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक बर्ष बाहेक अन्य आर्थिक वर्षमा प्रत्येक वर्ष वार्षिक मुनाफाबाट समानुपातिक रुपमा वा नेपाल राष्ट्र बैंकले तोके बमोजिमको दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गर्नेछ । बैंकले कुनै आर्थिक बर्षमा चाहेअनुरुप नाफा आर्जन गर्न नसकेमा समेत सो कोषमा रकमान्तर गर्नुपर्ने रकम संचित मुनाफाबाट छुट्ट्याउनेछ ।

नोट : ऋणपत्रको अवधिमा बैंकको नाफा-नोक्सान हिसाबबाट ऋणपत्र निष्काशन भएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष बाहेकका अन्य आर्थिक वर्षमा प्रत्येक वर्ष वार्षिक समानुपातिक रुपमा रु.१७७,७७७,७७७.७८ को दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गर्नेछ ।

(ए) ***ऋणपत्रवालाहरुको अधिकार :*** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :**
यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific charge), अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्धितीय हक हुनेछ । बैंकको सम्पत्तिमा निक्षेपकर्ताको प्रथम हक लाग्नेछ । बैंकको सम्पत्ति मध्ये प्रथम हकवालाको रकम आषाढ मसान्त २०७७ मा रु.९३.२८ अर्ब रहेको छ ।

(ग) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना तथा कम्पनी र ट्रष्टीबीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरुः**
ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप मिति २०७६/०९/०२ मा सम्झौता भई निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ ।

(अ) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण-पत्र प्राप्त धितोपत्र व्यवसायी श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं रहेको छ ।

(आ) ***ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :*** यस विवरण-पत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड काठमाण्डौंलाई निजले उक्त सेवा प्रदान गरे वापत बार्षिक रु.१०,०००/- (अक्षरेपी दश हजार रुपैंयाँ मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ । प्रथम बर्षको लागि बैंकलाई ट्रष्टी शुल्क बापतको रकम छुट गरिएको छ ।

(इ) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग विभागमा श्री सुमेश बहादुर पाण्डेलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ । श्री पाण्डेको एम.बि.एस. सम्मको शैक्षिक योग्यता र करिव ३ बर्ष भन्दा बढीको वित्तीय क्षेत्रको कार्यानुभव हासिल गर्नु भएको छ ।

(ई) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ ।

(उ) ***ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :*** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ ।

(ऊ) ***ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :*** ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।

(ए) ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :*** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।

(ऐ) ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्थाः*** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रजिष्टर्ड कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ । ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण-पत्र प्राप्त धितोपत्र व्यवसायी, काठमाडौं रहेको छ ।

(ओ) ***अन्य :***
- ऋणपत्र ट्रष्टीले डिबेञ्चरवालाहरुको हित संरक्षण गर्ने ।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोवारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) को अनुगमन गर्ने ।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनु पर्ने ।

(घ) **परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था** : सो नभएको ।

(ङ) **ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना :**
ऋणपत्र जारी गर्नुको उद्देश्य नियामक निकायको निर्देशन अनुरुप बैंकले आफ्नो पूँजी संरचना वृद्धि गर्नु र पुरक पूँजी आवश्यकतालाई पूर्ति गर्नु रहेको छ ।

(च) **जारी पूँजी चुक्ता भए/नभएको :**
जारी पूँजी सम्पूर्ण चुक्ता भएको ।

(छ) **यस भन्दा अगाडी जारी भएको ऋणपत्रको बिवरणः**

१) बैंक अफ काठमाण्डू वण्ड, २०७६ को विवरण (जेठ ४, २०७७ मा परिपक्व भई सकेको)

नाम	:	बैंक अफ काठमाण्डू वण्ड, २०७६
ब्याज	:	८% वार्षिक ब्याजदर, ६/६ महिनामा भुक्तानी गरिने
प्रकार	:	Unsecured and Redeemable at Maturity. No call / convertible feature
संख्या	:	४००,०००(चार लाख मात्र)
ऋणपत्रको प्रति शेयर मुल्य	:	रु.१०००/-
डिबेञ्चर अवधि	:	७ वर्ष

२) बैंक अफ काठमाण्डू वण्ड, २०७९ को विवरण (असार १३, २०७९ मा भुक्तानी हुने)

नाम	:	बैंक अफ काठमाण्डू वण्ड, २०७९
ब्याज	:	८% वार्षिक ब्याजदर, ६/६ महिनामा भुक्तानी गरिने
प्रकार	:	Unsecured and Redeemable at Maturity. No call / convertible feature
संख्या	:	६००,०००(छ लाख मात्र)
ऋणपत्रको प्रति शेयर मुल्य	:	रु.१०००/-
डिबेञ्चर अवधि	:	७ वर्ष

(ज) **नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएको शर्तहरु** : नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएका शर्तहरु निम्ननुसार रहेका छन् ।
नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएका शर्तहरु निम्ननुसार रहेका छन् ।

१) प्रस्तावित ऋणपत्र कुनै पनि सुरक्षण नराखी निष्काशन गर्नुपर्ने ।
२) ऋणपत्रको अवधि १० वर्षको हुने ।
३) प्रस्तावित ऋणपत्रमा प्रदान गरिने ब्याज अर्धवार्षिक रुपले ६/६ महिना (साउन १ र माघ १ गते) मा भुक्तानी गर्नुपर्ने, प्रस्ताव गरे बमोजिम ऋणपत्रको वार्षिक ब्याजदर ८.५ प्रतिशत हुनुपर्ने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।
४) बैंक विघटन भएको अवस्थामा ऋणपत्रको भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।
५) ऋणपत्र जारी भएको मितिले बढीमा ६ महिना भित्रमा नेपाल स्टक एक्सचेन्जमा सूचीकृत गर्नुपर्ने ।
६) बैंक अफ काठमाण्डू लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त ऋणपत्र धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नुपर्ने ।
७) ऋणपत्र निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी सहमति लिएर मात्र प्रकाशन गर्नुपर्ने ।
८) ऋणपत्रको रकम भुक्तानी गर्न प्रयोजनको लागि Redemption Reserve को व्यवस्था गर्ने बैंकको वार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको वर्ष र अन्तिम वर्ष बाहेक अन्य प्रत्येक वर्ष बराबर रुपमा (Proportionate Period Basis) नाफा/नोक्सान हिसाबबाट रकम छुट्याई रु. एक अर्ब साठी करोड बराबरको उक्त कोषमा जम्मा हुने व्यवस्था गर्नुपर्ने । साथै नाफा नभएको अवस्थामा मुनाफाबाट छुट्याउनुपर्ने रकम कुन कोषबाट व्यवस्था गर्ने हो सो स्पष्ट रुपमा विवरणपत्रमा उल्लेख हुनुपर्ने ।
९) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको डिबेञ्चर खरिद नगरेमा सो डिबेञ्चर अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।
१०) ऋणपत्र भुक्तानी गरेपछि भुक्तानी कोष (Redemption Reserve) मा बाँकी रहेको रकमलाई पुँजी समायोजन कोषमा रकमान्तर गर्नुपर्ने ।
११) ऋणपत्र आवेदनलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बजारको दरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गर्नुपर्ने र सो विषयमा विवरणपत्रमा स्पष्ट उल्लेख गर्नुपर्ने ।
१२) Private Placement को आधारमा बिक्री गरिने डिबेञ्चरको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्ने ।

(झ) **अन्य :**
यो ऋणपत्र बैंक अफ काठमाण्डू लिमिटेड बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ ।
- ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान : बैंकले यस ऋणपत्रबाट आर्जित ब्याज रकम ऋणपत्रबालाहरुको डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा वा ऋणपत्रवालाले तोकिएको खातामा भुक्तानी गर्नेछ ।
- निष्काशित ऋणपत्र खरिद गर्ने ऋणपत्र बाहकलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार भने रहने छैन ।
- यस ऋणपत्रलाई साधारण शेयरमा परिवर्तन गर्ने वा Cumulate गर्ने विशेषता नरहेको ।
- निष्काशित जम्मा रु.१,६०,००,००,०००/- (रु. एक अर्ब साठी करोड मात्र) ऋणपत्र मध्ये रु.९६,००,००,०००/- (रु. छयानब्बे करोड मात्र) बरावरको ऋणपत्र व्यक्तिगत तवरबाट र रु.६४,००,००,०००/- (रु. चौसट्ठी करोड मात्र) बराबरको ऋणपत्र सर्वसाधारणमा निष्काशन गरिनेछ । एउटा समूहको ऋणपत्रको लागि निष्काशन अवधिभित्र पूर्ण रुपमा माग नआएको खण्डमा सो समूहको ऋणपत्र अर्को समूहमा हस्तान्तरण हुने प्रावधान रहेको छ ।
- कथंकदाचित बैंक टाटपल्टेमा यस विवरण-पत्र मार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ ।
- यस ऋणपत्रमा आवेदन गर्ने आवेदकलाई निजले आवेदन गरेको रकममा नगद बुझाएको सन्दर्भमा नगद जम्मा भएको मिति तथा चेकको सन्दर्भमा क्लियरिङ भई नगद जम्मा भएको दिन देखि ऋणपत्रको बाँडफाँड हुनु दिनसम्मको अवधिका लागि बैंकले १%(वार्षिक) का दरले हिसाब गरी ब्याज दिनेछ ।

१५. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सुचीकरण सम्बन्धी व्यवस्था :

(अ) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया** : यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र जारी संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्रहरु बाँडफाँड गरिनेछ र ऋणपत्र बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्काशन गरिएको ऋणपत्रको संख्या भन्दा कम ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ ।

(आ) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था** : "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।

(इ) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** : उपरोक्त व्यवस्था सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन । तर व्यक्तिगत तवर (Private Placement) बाट आवेदन गर्ने आवेदकहरुलाई निजले आवेदन गरेको रकममा नगद बुझाएको सन्दर्भमा नगद जम्मा भएको मिति तथा चेकको सन्दर्भमा क्लियरिङ भई नगद जम्मा भएको दिन देखि ऋणपत्रको बाँडफाँड हुनु दिनसम्मको अवधिका लागि बैंकले १% (वार्षिक) का दरले हिसाब गरी ब्याज दिनेछ र सो ब्याज वापतको रकम बैंकले ऋणपत्रबालाहरुको डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा वा ऋणपत्रबालाले तोकेको बैंक खातामा भुक्तानी गर्नेछ ।

(ई) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि** : निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन निर्देशिका, तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार डिबेञ्चरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र डिम्याट खातामा जम्मा गरिनेछ ।

(उ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरुहुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण** : श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा यस बैंकको शेयर सूचिकरण भई कारोबार भइरहेको छ । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भए पश्चात नियमानुसार सूचिकरण गरिने छ ।

(ऊ) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरिद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचिलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्र खरिद तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१६. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

सर्वसाधारणको हकमा :

(अ) ***धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :*** धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन नगर्ने प्रकृया तथा धितोपत्र खारेजी आदि सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ ।

साथै यस विवरण-पत्र अनुसार निष्काशन गरिएको ऋणपत्र खरिदको लागि आवेदन गरी ऋणपत्र बाँडफाँड भए पश्चात् कायम ऋणपत्रधनीहरुले कम्पनीको साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् ।

(आ) ***नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :***

१. बैंकको प्रबन्ध-पत्र तथा नियमावली रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, कमलपोखरी, काठमाण्डौमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।
२. प्रत्येक आवेदकले कम्तीमा २५ कित्ता र अधिकत्तम ३,००,००० कित्ता डिबेञ्चर खरिदका लागि आवेदन दिनुपर्नेछ । न्यूनतम कित्ता भन्दा बढी कित्ताका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भागजाने संख्यामा अधिकत्तम ३,००,००० कित्ताको सिमा भित्र आवेदन गर्न सकिनेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने डिबेञ्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु.१,०००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको सि-आस्बा (C-ASBA) सदस्य रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

(इ) ***आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु :***

१. कुनै पनि नेपाली नागरिक तथा संगठित संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् ।
२. दरखास्त दिँदा सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फारम बुझाउन पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।
३. आवेदकहरुले आवेदन दिँदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुँदैन ।
४. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
५. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई ऋणपत्र बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।
६. धितोपत्र खरिदको लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ ।
७. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

व्यक्तिगत तवर (Private Placement) को हकमाः

(अ) **निष्काशन गरिने डिबेञ्चर संख्याः** दश वर्ष अवधि तथा वार्षिक ८.५ प्रतिशत ब्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/- अंकित मूल्यका ९ लाख ६० हजार कित्ता डिबेञ्चरले हुन आउने कुल रु.९६ करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

(आ) **लिनुपर्ने न्यूनतम डिबेञ्चर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः** यस विवरणपत्र मार्फत निष्काशन गरिने डिबेञ्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा २५ र सोभन्दा बढीका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भागजाने संख्यामा दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु.१,०००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरु तथा बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडमा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

(इ) **डिबेञ्चर बिक्री खुल्ला अवधि** : यस निष्काशन व्यक्तिगत तवरबाट गरिने भएकोले धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसँगै बन्द हुनेछ ।

(ई) **डिबेञ्चर खरिदका लागि पुर्ण आवेदन प्राप्त नभई बाँकी रहन गएका डिबेञ्चरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था** : डिबेञ्चर खरिद खुल्ला अवधिमा सम्पूर्ण डिबेञ्चर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका डिबेञ्चरहरुको सम्बन्धमा सार्वजनिक निष्काशन गर्न लागिएको डिबेञ्चरको सार्वजनिक निष्काशन (Public Issue) मार्फत बिक्री गरिनेछ ।

(उ) **डिबेञ्चर खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१. कुनै पनि नेपाली नागरिक तथा संघ संस्थाले यस विवरण अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफुले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरी यहि बैंकको बिक्री प्रवन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।
२. आवेदन दिँदा आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।
३. आवेदन फारम नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्नुपर्नेछ ।
४. आवेदकले आवेदनसाथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/- को दरले हुन आउने रकम बराबरको नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ । यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, निवेदकले नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्नेछ ।
५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।
६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१७. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं र वेवसाइट : www.nabilinvest.com.np
२.	बैंक अफ काठमाण्डू लिमिटेड, कमलपोखरी र वेवसाइट : www.bok.com.np

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१.	सि-आस्बा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु ।

व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा बिक्री प्रबन्धकले बैंकसंगको सहमतीमा खरिदकर्ताहरु खोजी गरि आपसि सहमतीमा वितरण गरिनेछ ।

१८. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्रको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ ।

१९. निष्काशन बैंक (Bankers to the Issue) :

स्वीकृत विवरणपत्र मार्फत निष्काशित ऋणपत्रहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा बैक अफ काठमाण्डू लिमिटेडलाई तोकिएको छ ।

२०. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस बैंकलाई ICRA Nepal Limited ले Moderate Credit Risk जनाउने "[ICRANP -IR] BBB+" (pronounced as ICRA NP Issuer Rating Triple B Plus) ग्रेडिङ्ग मिति २०२०/०१/२९ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमानै वित्तीय दायित्व पूरा गर्ने तथा मध्यम कर्जा जोखिम रहने संस्थाको रुपमा लिइन्छ ।

२१. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौमा श्री रवि बोम्जमलाई ९७७-०१-४४११६०४ मा सर्म्पक गर्न सकिन्छ ।

निष्काशन तथा बिक्री प्रबन्धकः

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिंङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np